# नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं

## चार्टर्ड एकाउण्टेण्ट करारमा लिने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०७७/०७/१८ गते)**

नेपाल विद्युत प्राधिकरणले केही चार्टर्ड एकाउण्टेण्टहरु करारमा पूर्ति गर्ने भएकोले तपसीलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वकको दरखास्त आव्हान गरिएको छ। दरखास्त फाराम ने.वि.प्रा.को वेबसाइट www.nea.org.np बाट डाउनलोड गरि A4 साईजको फोटोकपी पेपरमा प्रिण्ट गरी सम्पुर्ण बिवरण भरी यो सूचना प्रकासन भएको मितिले **१५ दिन भित्र** दरखास्त साथ आवश्यक सम्पूर्ण कागजातहरु PDF Format मा Scanning गरी पदपूर्ति विभागको ई-मेल ठेगाना recruitment@nea.org.np मा दरखास्त पठाउन सकिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। रित नपुगी वा म्याद नाघी पेश भएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| बिज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदसंख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| २०७७/७८ (करार) ८/१ | चार्टर्ड एकाउण्टेण्ट | ८ | प्रशासन | लेखा | चार्टर्ड एकाउन्टेन्सी | ८ | चार्टर्ड एकाउन्टेन्सी कोर्ष उत्तिर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाबाट सदस्यता प्राप्त गरेको। |

१) **परीक्षाको किसिमः** अन्तर्वार्ता मात्र।

२) **परीक्षा दस्तुरः**
ने.वि.प्रा.केन्द्रीय भुक्तानी महाशाखाको नाममा कुमारी बैंक लिमिटेड, पुतलीसडकमा रहेको चल्ति हिसाव नं. ००१०००२२८७३००००१ मा रु.१०००।- जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नु पर्नेछ।

४) नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (संशोधनसहित) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

५) उमेरको हकमा दरखास्त दिने अन्तिम मितिसम्ममा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

६) **दरखास्त साथ देहायबमोजिमका कागजातहरुको प्रतिलिपि संलग्न गर्नुपर्नेछः**

(क) एस.एल.सी देखि चार्टर्ड एकाउण्टेण्ट परीक्षा उर्त्तिण भएसम्मका सम्पूर्ण प्रमाणपत्रहरु।
(ख) चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्र।
(ग) नेपाली नागरिकताको प्रमाणपत्र।
(घ) नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाबाट लिएको सदस्यताको प्रमाणपत्र।
(ङ) कार्यअनुभव सम्वन्धी प्रमाणपत्र।
(च) परीक्षा शुल्क बुझाएको भौचर/रसीद/निस्सा।
(छ) हालसालै खिचिएको मुखाकृति प्रष्ट देखिने पासपोर्ट साइजको तस्वीर दरखास्त फारामको निर्दिष्ट स्थानमा टाँसिएको हुनुपर्नेछ।

साथै, दरखास्त साथ पेश गरिने विभिन्न प्रमाणपत्रहरुको प्रतिलिपिहरुमा सक्कल बमोजिम नक्कल दुरुस्त छ भनी उम्मेदवार स्वयंले आफ्नो नाम थर र मिति स्पष्ट हुने गरी दस्तखत गरेको हुनु पर्नेछ।

७) **कार्यानुभवका सम्बन्धमा निम्नानुसार हुनुपर्नेछः**

(१) निम्न निकाय वा संस्थामा कार्य गरेको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि खुल्ने प्रमाणित कागजातसहित पेश गरेको कार्यानुभवलाई मात्र मान्यता दिइनेछ :
(क) निजामती तथा अन्य सरकारी निकाय (ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था (ग) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय (घ) सरकारी तथा गैर सरकारी संस्थाहरु (ङ) प्रचलित कानुन बमोजिम स्थापित कम्पनी।

(२) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकाय वा संस्थामा काम गरेको भएमा बढी समय काम गरेको कुनै एक निकाय वा संस्थाको कार्य अनुभव मात्र गणना गरिनेछ।

(३) चार्टर्ड एकाउण्टेण्ट परीक्षा उत्तीर्ण गर्नु अगाडीको कार्यानुभवलाई मान्यता दिइने छैन।

(४) कार्य अनुभवबापत प्रत्येक ६ महिनाको शुन्य दशमलब पाँच अङ्कका दरले अधिकतम ५ अङ्क दिइनेछ। तर ६ महिनाभन्दा कम अवधिको कार्य अनुभलाई कुनै अङ्क दिइने छैन।

८) **तलव, सुविधा र सेवा शर्तः** तह ८ को शुरु तलब स्केल र नियमानुसार थप भत्तासमेत।

९) **कार्य गर्नुपर्ने स्थानः** नेपाल विद्युत प्राधिकरणका काठमाडौं स्थित कार्यालयहरु र आवश्यकता अनुसार प्राधिकरणका अन्य प्रादेशिक कार्यालयहरुसमेत।

१०) **करार अवधिः** १ वर्ष

११) **पदले गर्नु पर्ने कामः** प्राधिकरणले तोके बमोजिम।

१२) **परीक्षा कार्यक्रमः दरखास्त दिने अन्तिम मिति समाप्त भएपश्चात् ने.वि.प्रा. को वेवसाइटमा प्रकाशन गरिने छ।**

१३) विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

१४) **अन्य शर्तहरु प्राधिकरणले तोके बमोजिम हुनेछ।**

१५) दरखास्तसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजात (बैक भौचर सहित)हरु पेश नभएको वा झुटा विवरण / कागजात पेश गरेको उमेदवारको दरखास्त जुनसुकै बखत रद्ध हुनेछ।

**उल्लेखित सूचना सम्बन्धमा कुनै कुरा बुझ्न आवश्यक भएमा मोवाइल नम्बरः ९८४९४४३८५४ मा सम्पर्क गर्न सकिनेछ।**

०७७/०७/१८

सदस्य सचिव
पदपूर्ति समिति